आज मिति २०७८ साल पौष २७ गते मंगबारका दिन जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCMC) का अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी श्री उमेश कुमार ढकालज्यूको अध्यक्षतामा DCMC को बैठक बसी निम्न बमोजिमको निर्णयहरु गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| अध्यक्ष श्री उमेश कुमार ढकाल | प्रमुख जिल्ला अधिकारी, पर्सा |
| सदस्य श्री बिरेन्द्र प्रधान | नि.मे.सु. नारायणी अस्पताल, बीरगंज, पर्सा |
| सदस्य श्री मनोज कार्की | प्रमुख सेनानी, चण्डी प्रसाद गण, पर्सा |
| सदस्य श्री रमेश कुमार बस्नेत | प्रहरी उपरीक्षक, जिल्ला प्रहरी का., पर्सा |
| सदस्य श्री राजेन्द्र खड्का | सशस्त्र प्रहरी उपरीक्षक, स.प्र.ब. नेपाल, पर्सा |
| सदस्य श्री छविरमण भट्टराई | नि.जि.स.अ., जिल्ला समन्वय समिति, पर्सा |
| सदस्य श्री समीर तिमिल्सीना | अनु. अधिकृत, रा.अ.जि. कार्यालय, पर्सा |
| सदस्य सचिव श्री भिमकान्त पौडेल | स.प्र.जि.अ. जिल्ला प्रशासन कार्यालय, पर्सा |

**आमन्त्रित**

| | |
|---|---|
| जन.स्वा.अ. श्री जयमोद ठाकुर, | स्वास्थ्य कार्यालय, पर्सा |
| डा. श्री उदय नारायण सिंह, | नारायणी अस्पताल, बीरगंज |

# जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCMC) को

## मिति २०७८-०९-२७ गतेको निर्णय

१. गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा) को च.नं. १४४२, मिति २०७८-०९-२६ को परिपत्रमा उल्लेखित निर्णयहरुको बारेमा बैठकमा उपस्थिति पदाधिकारीहरुलाई जानकारी गराईयो साथै उल्लेखित निर्णयहरुलाई देहाय अनुसार कार्यान्वयन गर्ने गराउने गरि आदेश जारी गर्ने निर्णय गरियो ।

   क. सार्वजनिक स्थलमा सबै प्रकारका राजनीतिक तथा धेरै उपस्थिति हुने गरी प्रशासनिक सामाजिक एवम् त्यहि प्रकृतिको कार्यक्रम नगर्न आह्वान गर्ने ।

   ख. अर्को सूचना नभए सम्म सार्वजनिक स्थलमा २५ जना भन्दा बढी भेला हुने गरी मेला, भेला तथा महोत्सवहरु आयोजना गर्न नपाईने ।

   ग. माघ ७ गते देखि कुनै पनि कार्यालय, होटल, रेष्टुरेन्ट, सिनेमा हल, रंगशाला र पार्क जस्ता सार्वजनिक स्थलहरुमा प्रवेश गर्दा अनिवार्य रुपमा कोभिड विरुद्धको खोप लगाएको कार्ड (मोबाईलमा फोटो भए पनि हुने) हेरी मात्र प्रवेश गर्ने गराउने व्यवस्था मिलाउन लगाउने ।

   घ. २०७८ माघ ७ गते देखि सार्वजनिक सेवा प्राप्त गर्न खोप कार्ड अनिवार्य लागु गर्न सम्बन्धित सबैमा जानकारी गराउने ।

   ङ. भारतबाट नेपाल भित्रिने प्रवेश विन्दुमा अनिवार्य रुपमा एण्टिजेन परिक्षण गर्ने र कोरोना पोजेटिभ देखिएमा स्वास्थ्य सुरक्षाको मापदण्ड पालना गर्ने गराउने गरी सुरक्षित साथ गन्तब्य स्थानमा पुग्न सहजिकरण गर्ने ।

२. स्वास्थ्य सुरक्षाको मापदण्ड पालना गर्ने गराउने तथा कोरोना संक्रमणको जोखिमबाट बच्न बचाउने बारे जनचेतनामूलक कार्य गर्ने गराउने बारे आह्वान गर्ने ।

३. जिल्ला स्थित सरकारी कार्यालयहरुले कार्यालयमा हुने सेवाग्राहीको चापलाई ध्यानमा राखी बढी भिडभाड नहुने गरी सेवा प्रवाह गर्न स्थानीय तह अनुसार आलोपालो हुने गरी सेवा प्रवाह गर्न प्रबन्ध मिलाउने ।